शिवसताक्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ब्याँसडाँडा, झापा

कोशी प्रदेश, नेपाल

## शिवगंज कृषि बजारमा रहेका सटरकोठाहरु र स्टलहरु भाडामा लगाउने वारेको सूचना

मिति (२०८०-०९-१३)

शिवसताक्षी नगरपालिका वडा नं. ६, शिवगंजमा रहेको कृषि बजारमा रहेको सटरकोठाहरु र स्टलहरु तपिशल अनुसारको न्युनतम दररेटमा डाक बढाबढको आधार तथा शर्त अनुसार भाडामा लिई व्यवसाय संचालन गर्न चाहने व्यवसायीहरुले १५ (पन्ध्र) दिन भित्र शिवसताक्षी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भाडा सम्बन्धी शर्तहरु:**

- इच्छुक व्यवसायीहरुले सूचना प्रकाशन भएको १५ दिन भित्र व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको), स्थायी लेखा नम्बर वा मु.अ.कर (VAT) दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखि निवेदन दिनु पर्नेछ ।
- सटर कोठाको विद्युत सेवाको लागि एक पटक विद्युत वाईरिङ्ग तथा विद्युत खपत अंक निर्धारणका लागि सब मिटर नगरपालिकाले गर्नेछ । वाँकी कार्य दोश्रो पक्षले गर्नेछ ।
- व्यवसायवाट निस्किएको फोहोर मैला निश्चित ठाउँमा व्यवसायिले व्यवस्थापन गर्नु पर्नेछ ।
- सटर कोठा भाडामा लिए वापत सटर भाडाको ३(तीन) महिना बराबरको धरौटी वापतको रकम सम्झौता अगाडि नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।
- सटर भाडा महिना समाप्त भएको ७ (सात) दिन भित्र अनिवार्य बुझाउनु पर्नेछ । अवधि नाघेको १५ दिन सम्म ढिला हुन गएको सबुत प्रमाण सहित स्वयम उपस्थित भएमा विलम्ब शुल्क लाग्ने छैन ।
- सटर भाडा २ महिना सम्म नबुझाएमा १० प्रतिशतका दरले हुने विलम्ब शुल्क व्यवसायिले बुझाउनु पर्नेछ । तर २ महिना अवधि नाघेमा धरौटी रकम जफत गरी सम्झौता भंग हुनेछ ।
- सब मिटरमा उठेको खपत अंकको आधारमा विद्युत महसुल मासिक रुपमा अनिवार्य बुझाउनु पर्नेछ । विद्युत रकम वक्यौता राख्न पाइने छैन ।
- नगर पालिकाले तोकेको दररेट अनुसारको फोहोर मैला व्यवस्थापन शुल्क सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।
- कानूनले बर्जित गरेको सामानहरु विक्री वितरण गर्न पाईने छैन । यदि कसैले गरेको प्रमाणित भएमा जुनसुकै बखत धरौटी रकम जफत गरी सम्झौता रद्द गरिने छ ।
- प्रत्येक २ (दुई) वर्षमा १० (दश) प्रतिशतका दरले भाडा वृद्धि हुनेछ ।
- व्यवसायिले सटर कोठा छोड्नु पर्ने भएमा १५ दिन अगाडि नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।
- सटर कोठा नामसारी गर्नु परेमा लिने दिने दुबै पक्षले संयुक्त रुपमा नगरपालिकामा निवेदन दिनु पर्नेछ । यदि नगरपालिकालाई [illegible] दिएको पाईएमा लिने दिने दुबै पक्षलाई कानून बमोजिम कार्यवाही गरिने छ ।

शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ध्याङ्गुगुडाडी, झापा
कोशी प्रदेश, नेपाल

- पानीको सेवाको लागि एक पटक वाईरिङ्ग मिटर जडान नगरपालिकाले गर्नेछ र सोमा उठेको अंकको आधारमा वील भुक्तानी सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।
- माथि उल्लेख भए भन्दा बाँकी प्रचलित कानून तथा यस नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

तपशिलः-

**भाडा दर रेटः**

तपशिलः-

१, **ब्लक "ए" मा रहेको ३९ वटा स्टलहरुः-**

क) उत्तर र पश्चिम तर्फको पहिलो स्टलहरुको भाडा रु १,५००।- (प्रति महिना)

ख) बाँकी स्टलहरुको भाडा रु. १,३००।- (प्रति महिना)

२, **ब्लक "बी" मा रहेको ८ वटा सटर कोठाहरु भाडा रु. २,५००।-** (प्रति महिना):-

क) सटर नं. ४०, ४१, ४२, ४३ र ४४ लाई खसि तथा अन्य मासु व्यवसायको लागि ।

ख) सटर नं. ४५, ४६ र ४७ लाई माछा व्यवसायको लागि ।

(प्रकाशचन्द्र चौधरी)
नि.प्रमुख प्रशासकीय अधिकृत